

# येशू ख्रीष्टको सुसमाचार

करिब ६००० वर्ष अगाडि, परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो र उहाँले मानिसलाई आफ्नै स्वरूपमा बनाउनुभयो। तर मानिसले परमेश्वरको आज्ञा उल्लङ्घन गरी पाप गरे र पतन भए। त्यसैले मानिसको हृदय “सबै कुराहरूभन्दा बढी छली हुन्छ र त्यो असाध्य दुष्ट हुन्छ; कसले त्यो जान्न सक्छ र?”





सबैजना परमेश्वरको महिमारहित हुन गएका छन्। अर्थात्, परमेश्वरले राख्नुभएको धर्मी मापदण्ड अनुसार जिउने कोही पनि छैन। बाइबलले बताउँदछ, “धर्मी कोही छैन, एउटै पनि छैन” र “हामी सबै अशुद्ध थोकजस्ता छौं, र हाम्रा सबै धार्मिक कामहरू मैला थाङ्नाहरूसरह छन्।”






परमेश्वरको नियम तोड्नु नै पाप हो। परमेश्वरले हामीलाई आफ्नो वचनमा बताउनुहुन्छ कि उहाँले रिसलाई हत्याको रूपमा र कुनै स्त्रीप्रतिको अभिलाषालाई व्यभिचारको रूपमा न्याय गर्नुहुन्छ। जीवित, सत्य परमेश्वर र सृष्टिकर्तालाई बिर्सी सृष्टिका थोकहरू र निर्जिव मूर्तिहरूलाई पूज्ने, लोभ गर्ने, चोर्ने र झूट बोल्ने कार्यहरूलाई परमेश्वरले गम्भीर पापहरूको रूपमा न्याय गर्नुहुन्छ।




सबै बाटोहरू एउटै होइनन्। बाइबलले भन्दछ, “एउटा बाटो छ, जो मान्छेको दृष्टिमा ठीक देखा पर्छ, तर त्यसको अन्तचाहिँ मृत्युका बाटाहरू नै हुन्।” येशूले भन्नुभयो, “साँघुरो ढोकाबाट भित्र पस, किनकि विनाशमा पुऱ्याउने ढोका फराकिलो हुन्छ, र बाटोचाहिँ चौडा हुन्छ; अनि त्यसबाट भित्र पस्नेहरू धेरै हुन्छन्। किनभने जीवनमा पुऱ्याउने ढोका साँघुरो र बाटो पनि साँघुरो हुन्छ; अनि यो भेट्टाउने थोरै हुन्छन्।”





परमेश्वरको न्याय र नरक एकदमै गम्भीर छ। "तर डराउनेहरू, विश्वास नगर्नेहरू, घिनलाग्दाहरू, हत्याराहरू, व्यभिचारीहरू, टुनामुना गर्नेहरू, मूर्तिपूजा गर्नेहरू र सबै झूट बोल्नेहरूको भागचाहिँ आगो र गन्धकले जलिरहेको झीलभित्र हुनेछ; यो दोस्रो मृत्यु हो।"

तर परमेश्वर पिताले संसारलाई प्रेम गर्नुभई आफ्नो अनन्त पुत्र येशू ख्रीष्टलाई स्वर्गबाट पठाउनुभयो। परमेश्वरको सामर्थ्यले उहाँ एक कन्या स्त्रीबाट जन्मनुभयो र सिद्ध, पापरहित जीवन जिउनुभयो। अनि आफ्नो धर्मी रगत बहाई, सिद्ध बलिदानको रूपमा उहाँ मात्रै हाम्रा पापहरूका निम्ति क्रूसमा मरिदिनुभयो।







त्यसपछि उहाँ गाडिनुभयो; तर तेस्रो दिनमा, बाइबलको भविष्यवाणीमुताबिक मृत्युलाई जित्नुभई बौरेर उठ्नुभयो। अनि ४० दिनसम्म उहाँ यस पृथ्वीमा गवाहीको रूपमा रहनुभयो र त्यसपछि उहाँ महिमामा स्वर्ग उचालिनुभयो। अब यी अन्तिम दिनहरूमा उहाँ स्वर्गबाट फेरि आउनुहुनेछ र सदासर्वदाको निम्ति न्याय र राज्य गर्नुहुनेछ।









हामी आफ्नो पापपूर्ण मार्गबाट फर्कनुपर्छ र येशू ख्रीष्टमाथि विश्वास गर्नुपर्छ, जो मानिसको एकमात्र साँचो प्रभु र मुक्तिदाता हुनुहुन्छ। अनि त्यसपछि, परमेश्वरसित हाम्रो मेलमिलाप र नयाँ सम्बन्ध स्थापना हुनेछ। अनि प्रभुले हामीलाई नयाँ हृदय, मन, र अनन्त जीवन दिनुहुनेछ।